# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, माघ २८ गते २०४७ साल (अतिरिक्ताङ्क ५३ (ख)

## भाग ३

### श्री ५ को सरकार
### स्वास्थ्य मन्त्रालयको
### सूचना १

**औषधि जाँचबुझ तथा निरीक्षण (पहिलो संशोधन) नियमावली, २०४७**

औषधि जाँचबुझ तथा निरीक्षण नियमावली, २०४० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

औषधि ऐन, २०३५ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "औषधि जाँचबुझ तथा निरीक्षण (पहिलो संशोधन) नियमावली, २०४७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. औषधि जाँचबुझ तथा निरीक्षण नियमावली, २०४० को नियम ४ मा संशोधनः औषधि जाँचबुझ तथा निरीक्षण नियमावली, २०४० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ मा रहेको "स्थानीय पञ्चायतको" भन्ने शब्दहरूको सट्टा "नगरपालिका वा गाउँ विकास समितिको" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को उपनियम (२) मा रहेको "स्थानीय पञ्चायतको" भन्ने शब्दहरूको सट्टा "नगरपालिका वा गाउँ विकास समितिको" भन्ने शब्दहरू राखिएका छन् ।

## सूचना २

### बिफर नियन्त्रण (दोस्रो संशोधन) नियमावली, २०४७

बिफर नियन्त्रण नियमावली, २०२३ लाई संशोधन गर्न वान्छनीय भएकोले, बिफर नियन्त्रण ऐन, २०२० को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "बिफर नियन्त्रण (दोस्रो संशोधन) नियमावली, २०४७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. बिफर नियन्त्रण नियमावली, २०२३ को नियम २ मा संशोधनः बिफर नियन्त्रण नियमावली, २०२३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (च) मा रहेको "पञ्चायतले" भन्ने शब्दको सट्टा "नगरपालिका वा गाउँ विकास समितिले" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को खण्ड (छ) मा रहेको "स्थानीय पञ्चायतको" भन्ने शब्दहरूको सट्टा "नगरपालिका वा गाउँ विकास समितिको" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छः–

"१३. नगरपालिका वा गाउँ विकास समितिको सहयोग लिन सक्नेः यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न आवश्यक परेमा सुपरिण्टेण्डेण्टले नगरपालिका वा गाउँ विकास समितिको सहयोग माग्न सक्नेछ र त्यसरी सहयोग मागेमा नगरपालिका वा गाउँ विकास समितिले पनि देहायको कुरामा सहयोग दिनु पर्नेछः–



६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सम्बन्धित क्षेत्रका जनतालाई खोपाउने स्थानको जानकारी गराउने,

(ख) तोकिएका स्थान र समयमा सम्बन्धित क्षेत्रभित्र रहेको बालकहरूलाई उपस्थित गराउने,

(ग) खोपाउने स्थानमा नगरपालिका वा गाउँ विकास समितिको सदस्य उपस्थित भई खोप्ने काममा आवश्यक सहायता गर्ने, र

(घ) खोपाउने कार्यमा बालकहरूको संरक्षकलाई बढी से बढी सहयोग प्रदान गर्न आवश्यक प्रोत्साहन दिने ।"

आज्ञाले,
सुवर्णजंग राणा
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

६०९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।